बैठक संख्याः ११/२०८२–२०८३

आज मिति २०८३ जेठ १४ गते बिहिवार बिहान ८ बजे ऐरावती गाउँपालिकाको सभाहलमा गाउँ कार्यपालिकाका अध्यक्ष श्री नविल विक्रम शाहको अध्यक्षतामा तपसिलका सदस्यहरुको उपस्थितिमा ऐरावती गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिमको प्रस्ताव उपर छलफल गरि देहाय बमोजिमको निर्णय गरियो ।

तपसिलः

| क्र.सं. | नाम,थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री नबिल बिक्रम शाह | अध्यक्ष | |
| २ | श्री कृष्ण प्रसाद श्रेष्ठ | उपाध्यक्ष | |
| ३ | श्री अमर बहादुर रेश्मी | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री भिमेष कुमार घर्तीमगर | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री पदम बहादुर जि.सी. | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री शंकर बहादुर भण्डारी | का.वा.वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री चन्द्र बहादुर रोका मगर | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री भरत बहादुर खड्का क्षेत्री | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री चमेली गुरुङ | कार्यपालिका सदस्य | |
| १० | श्री भागिरथी खत्री | कार्यपालिका सदस्य | |
| ११ | श्री दुर्गा के.सी. | कार्यपालिका सदस्य | दुर्गा |
| १२ | श्री सिता गैरे | कार्यपालिका सदस्य | |
| १३ | श्री अर्जुन गन्धर्व | कार्यपालिका सदस्य | |
| १४ | श्री भक्त बहादुर वि.क. | कार्यपालिका सदस्य | |
| १५ | श्री सरद गौतम | सचिव | |
| | | | |
| | आमन्त्रित | | |
| १६ | श्री बिनोद त्रिपाठी | योजना शाखा | |
| १७ | श्री रुद्र प्रसाद पोखेल | आर्थिक प्रशासन शाखा | |
| १८ | श्री सरिता शाहि | का.स. | सरिता |

निर्णय नं ५

सुशासन तथा संस्थागत विकास समिति अन्तर्गत ब्यबस्थापन परीक्षण प्रतिवेदनमा उल्लेखित सुझाव तथा सिफारिसहरुलाई आवश्यकता अनुसार कार्यान्वयन गर्ने र नियमित समिक्षा गर्ने निर्णय गरियो।

विविधः

- ऐरावती गाउँपालिका अन्तर्गत अस्थायि प्रहरी पोष्ट, कैरनले प्रयोग गर्ने रा १ ब ३६२ नम्बरको मोटरसाईकल मर्मत गर्नुपर्ने भएकोले नौ हजार सम्मको मर्मत खर्च वापतको रकम भुक्तानी दिने निर्णय गरियो ।
- ऐरावती गाउँपालिकाको सहायक आ ले प अधिकृत हरि प्रसाद गौतमले प्रयोग गर्ने लु १ ब १५५३ नम्बरको मोटरसाइकल मर्मत गर्नुपर्ने भएकोले वार्षिक मर्मत खर्चमा थप सत्र हजार रुपैया मर्मत खर्चका लागि स्विकृति दिने निर्णय गरियो।
- ऐरावती गाउँपालिका वडा नं १ मा कार्यरत वडा सचिब कृष्ण जि. सी.ले प्रयोग गर्ने रा १ ब ५८४ नम्बरको मोटरसाइकल मर्मत गर्नुपर्ने भएकोले वार्षिक मर्मत खर्चमा थप सात हजार चार सय रुपैया मर्मत खर्चका लागि स्विकृति दिने निर्णय गरियो।
- ऐरावती गाउँपालिका वडा नं २ मा कार्यरत वडा सचिब सित्तल सुवेदीले प्रयोग गर्ने लु १ ब ९६७ नम्बरको मोटरसाइकल मर्मत गर्नुपर्ने भएकोले वार्षिक मर्मत खर्चमा थप नौ हजार सात सय पचासरुपैया मर्मत खर्चका लागि स्विकृति दिने निर्णय गरियो।
- महेन्द्र मा वि सराङ्गवेसीमा मिति २०८२/०१/२३ गते अकास्मत आएको वाढिले विद्यालयको प्राथमिक तर्फको ३ वटा कक्षाकोठा र १ वटा कार्यालय कक्ष भित्र पसी क्षती पुराएको हुनाले वडा नं ५ को सिफारिस, प्रहरी मुचुल्का समेतको आधारमा मर्मतका लागी रु ३५ हजार सहयोग गर्ने निर्णय गरियो।

**सौहाद्रपुर्ण वातावरणमा सर्व सम्मत निर्णय गर्दै आजको वैठक सम्पन्न भयो !!!**

निर्णयहरु:

निर्णय नं १

ऐरावती गाउँपालिकाको आ.व. २०८१/८२ को महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखा परीक्षण गरी मिति २०८३/०१/३० को पत्रका साथ प्रतिवेदन प्राप्त भएकोमा सो प्रतिवेदन कार्यपालिकामा पेश भइ छलफल भयो, उक्त प्रतिवेदनमा औल्याइएका असुल गर्नुपर्ने बेरुजुको हकमा तत्काल पत्राचार गरी असुल गर्ने र नियमित गर्नुपर्ने तथा नीतिगत बेरुजुको सम्बन्धमा आगामी गाउँसभामा पेश गरी निर्णय भएबमोजिम प्रतिक्रिया सहित सम्परीक्षणका लागि पठाउने निर्णय गरियो।

निर्णय नं २

ऐरावती गाउँपालिकाको आ.व. २०८२/०८३ को स्विकृत कार्यक्रम भित्रका कार्यसम्पन्न भइ प्राविधिक निरिक्षण र अनुगमन टोलिको निरिक्षण समेत सम्पन्न भई रितपुर्वक गाउँपालिकामा पेश भएका भुक्तानी भएका १५२ वटा योजनाहरुको भुक्तानी अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं ३

मिति २०८२/१२/२० गतेका दिन जिल्ला अस्पताल, प्युठानको अस्पताल विकास समितिका अध्यक्ष श्री विजय विराज विष्टको अध्यक्षतामा वसेको वैठकको निर्णय नं २ मा रहेको हेमोडायलाइसिस सेवा व्यवस्थापन गर्नका लागि प्रत्येक स्थानिय तहबाट रु १ लाख रकम माग गर्ने निर्णय वमोजिम रु १ लाख जिल्ला अस्पताल प्यूठानको खातामा जम्मा गर्ने निर्णय गरियो।

निर्णय नं ४

स्वर्गद्धारी नगपालिकामा रहेको प्यूठान जिल्लाको एकमात्र सर्पदंश उपचार केन्द्रको सञ्चालन तथा व्वस्थापनका लागि जिल्ला भित्र रहेका स्थानीय तहमध्ये गाउँपालिकाले वार्षिक रु १ लाख सहयोग गर्ने भनी जिल्ला समन्वय प्रमुखको अध्यक्षतामा वसेको वैठकको निर्णय भएको हुँदा ऐरावती गाउँपालिकाबाट रु १ लाख सम्बन्धित उपचार केन्द्रको खातामा भुक्तानी गर्ने निर्णय गरियो।

ऐरावती गाउँक कार्यपालिकाको (कार्य सम्पादन) नियमावली, २०७४ को नियम ९(१) बमोजिम अध्यक्षबाट सिधैं प्रस्तुत प्रस्तावहरु:

१. महालेखा परीक्षकको प्रतिवेदन सम्बन्धमा,
२. सम्पन्न भएका योजना भुक्तानी सम्बन्धमा,
३. प्यूठान अस्पतालमा हेमोडायलाइसिस सेवा सञ्चालनका लागि आर्थिक सहायता सम्बन्धमा,
४. सर्प दंश उपचार सेवा केन्द्रलाई आर्थिक सहायता सम्बन्धमा,
५. व्यवस्थापन परीक्षण प्रतिवेदन सम्बन्धमा,
६. विविध।